# समृद्ध अर्थतन्त्र निर्माणमा सहकारी

मिनराज कडेल[1]

## पृष्ठभूमि

सामाजिक न्याय र समतामूलक समाज निर्माणको एक महत्वपूर्ण माध्यमका रुपमा रहेको सहकारी अभियानलाई नेपालको संविधानद्वारा सार्वजनिक, निजी र सहकारी समेतको तीनखम्वे अर्थनीतिका माध्यमवाट आर्थिक विकास गर्ने मूख्य माध्यमको रुपमा स्वीकार गरिएकोछ । संविधानले सहकारीलाई संघ प्रदेश तथा पालीका का ३ वटै तहमा एकल र साझा अधिकारको सूचीमा राखेको छ । "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" अन्तर्गत धारा ५० निर्देशक सिद्धान्तहरूको उपधारा ३ मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ " भनिएकोछ । धारा ५१ राज्यका नीतिहरूमा राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछ भनिएको छ । अर्थ, उद्योग र वाणिज्य सम्बन्धि नीति अन्तर्गत उपधारा (१) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भन्ने छ भने उपधारा (३) मा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भनिएकोछ । अनुसूची-५ मा संघको अधिकारको सूची अन्तर्गत "सहकारी नियमन " राखीएको छ भने अनुसूची-६ र अनुसूची-८ (२) मा स्थानीय तह तथा प्रदेशको अधिकारको सूची अन्तर्गत "सहकारी संस्था " भन्ने राखिएको छ । अनुसूची-७ र अनुसूची-९ मा एक नम्वरमै संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत "सहकारी" लाई राखिएको पाइन्छ ।

नेपालमा प्रजातन्त्रको पुनस्थापना पश्चात २०४८ सालमा संसदवाट सर्वसम्मत रुपमा पास गरिएको सहकारी कानूनको परिणती स्वरुप हाल सहकारीको व्यापक संजाल निर्माण भएको छ । हाल नेपालमा महिलाद्धारा सञ्चालित सहकारी ४,११३ वटा संस्थाहरु समेत कुल ३०,८७९ रहेका छन् । सहकारी ऐन अनुसार सहकारीको संघीय संरचना प्रारम्भिक तहदेखी जिल्ला, प्रदेश र केन्द्रसम्म विस्तार भएको छ । प्रारम्भिक सहकारी संस्थाहरूका अलावा ३२६-जिल्लास्तरीय सहकारी संघहरू, १०-प्रदेश स्तरिय सहकारी संघहरू, १ राष्ट्रिय सहकारी वैंक समेत विभिन्न विषयका १९ वटा केन्द्रीय सहकारी संघहरु सञ्चालन छन् भने यी सबैको शिखर संस्थाको रुपमा राष्ट्रिय सहकारी महासंघ लि. नेपाल रहेको छ । २०५४ सालमा महासंघले अन्तराष्ट्रिय सहकारी महांघको सदस्यता लिए पश्चात नेपाल अन्तराष्ट्रिय सहकारी अभियानमा समाहित भएको छ । २०४७ साल सम्म ८३० वटाको संख्यामा रहेको सहकारी संस्थाको संख्यात्मक विकास हेर्दा बचत तथा ऋण सहकारी संस्थाको ३९ प्रतिशत वाहुल्यता रहेको छ । कृषि सहकारी संस्थाहरुको संख्या ३८ प्रतिशत, बहुउद्देश्य सहकारी संस्थाहरुको संख्या १३ प्रतिशत र वाँकी १० प्रतिशत अन्य विभिन्न विषयका सहकारीहरु रहेका छन् । सहकारीको कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशत र वित्तीय क्षेत्रमा १७

१ अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

प्रतिशत माथिको योगदान रहेको सहकारी विभागको तथ्यांकले देखाउँछ । सहकारीहरुद्वारा दिगो विकास लक्ष्य कार्यान्वयनमा योगदान पुर्‍याएको राष्ट्रिय योजना आयोगको अध्ययन २०७९ मा उल्लेख छ भने विशेषत यस क्षेत्रले बैंक वित्तीय संस्थामा वित्तीय पहुच नभएका आमसमुदायमा सहज रूपमा वित्तीय सेवा प्रदान, क्षमता अभिवृद्धि गरी नेतृत्व विकास एवं लैंगिक समानतामा योगदान, सदस्यहरूको उद्यमशिलता विकासमार्फत रोजगारी सिर्जना गर्दै जिवनस्तर सुधार गर्न सहयोग पुर्‍याएको छ । कृषि, पशुपालन फार्म, सामुहिक खेती, दुग्ध, चिया, कफी उद्योगहरूको सञ्चालन गरी उत्पादन, प्रशोधन र वजारीकरणमा योगदान, राउटे, चेपांग, कुसुन्दा, वनकरिया मुसहर, चमार, डम, खत्वे, हल्खोर लगायतका लोपोन्मुख तथा अल्पसंख्यक जातिहरूको जिवीकोपार्जनमा सहयोग, स्थानीय स्रोत र साधनको प्रयोगमार्फत दिगो आर्थिक विकासमा सहयोग, वहुआयामिक गरिवी न्यूनीकरणमा योगदान पुऱ्याएको छ भने समुदाय प्रतिको चासोलाई आत्मसाथ गर्दै भुकम्प तथा कोभिड महामारीका समयमा सदस्य वा समुदायलाई प्रभावकारी सेवा प्रवाहमा सदैव अग्रपंक्तिमा रही काम गर्दै आएको छ ।

संवैधानिक मान्यता प्राप्त सहकारी क्षेत्रलाई सरकारको आवधिक योजना, तथा चालु वर्षको नीति तथा कार्यक्रमद्धारा हरेका वर्ष प्राथमिकतामा राखीएको छ । संघीय संरचना अनुरुप तीनवटै सरकारको क्षेत्राधिकारमा रहेको सहकारी अभियानको सुदृढिकरणका लागि नियामक संघीय सहकारी विभाग, प्रदेश सहकारी महाशाखाहरु र ७५३ वटै पालीकाहरुमा सहकारी शाखाहरु रहेका छन् जस्ले सहकारी संघ संस्थाहरुको दर्ता, नियमन तथा प्रवर्द्धन, गर्दै आएका छन् । यी सहकारी संघ संस्थाहरुको नियमन प्रवर्द्धनका लागि संघ, प्रदेश तथा स्थानीय तहमा ७६१ वटा सहकारी ऐन नियमहरु तर्जुमा गरिएकाछन् भने आवश्यक नीति तथा नियमहरु समेत तर्जुमा हुदै गएकाछन् । प्रारम्भिक देखी अन्तराष्ट्रिय स्तरसम्म सञ्जालीकृत नेपालको सहकारी अभियानले अन्तर्राष्ट्रिय सहकारी महासंघमा सवल प्रतिनिधित्व गर्दै अन्य मुलुकका सहकारी अभियानसंगको सम्वन्ध सुदृढ गर्दै आएकोछ ।

## सहकारीको योगदान

वि. स. २०७८ फागुन मसान्तसम्म सहकारी संस्थाहरुमा कुल शेयर पूँजी रु ९४ अर्व १२ करोड, बचत संकलन रकम रु ४ खर्व ७७ अर्व ९९ करोड संकलन भई कुल ऋण लगानी रु ४ खर्व २६ अर्व ३१ करोड भएको छ । कुल ७३ लाख ३७ हजार २५२ सदस्य संख्या रहेको सहकारी क्षेत्रमा महिला सदस्यहरुको सहभागिता ५६ प्रतिशत रहेको र यस क्षेत्रले प्रत्यक्षत ९१ हजार लाई रोजगारी दिएको छ भने दशौं लाख सदस्यहरु सहकारीको सहयोगमा स्वरोजगार हुन पुगेकाछन् । तथापी यो संख्या यथार्थमा अझै वढि छ । सहकारीलाई सामाजिक न्याय कायम गर्ने ग्रामीण आर्थिक विकासको शशक्त माध्यमको रुपमा स्विकार गरी सरकारद्वारा विभिन्न छुट र सुविधा हरु उपलव्ध गराइएको छ । ग्रामीण इलाकामा सञ्चालित सहकारीहरुलाई पूर्ण रुपमा आयकर छुटको व्यवस्था गरिएको छ भने शहरी इलाकामा नगरपालीका, उपमहानगरपालीका, महानगरपालीकामा क्रमश ५%, ७% र १०% मात्र आयकर तिर्ने सहकारी ऐन तथा आयकर ऐनको व्यवस्था छ । यसरी हेर्दा सामाजिक पूँजी निर्माण, वित्तीय समावेशीकरण, रोजगारी सिर्जना, दिगो विकास लक्ष्य कार्यान्वयनमा सहकारीको अती विशिष्ठ योगदान रहेको देख्न सकिन्छ ।

## चालु वार्षिक वजेट तथा कार्यक्रममा सहकारी

आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्षको रुपमा लिदै नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गर्दै **किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित** गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाउने चालु आ. व. को सरकारको योजना रहेको छ । चालु वजेटले कृषि उत्पादनदेखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीको रूपमा सहभागी हुने गरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा

केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत **श्रम सहकारीमा** आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पार्ने योजना लिएकोछ । संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं उपयोग विहीन खेतीयोग्य जमिन कृषक, **कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई** लीजमा उपलब्ध गराउने व्यवस्था मिलाउने व्यवस्था कायम सरकारले गरेको छ । **सहकारीको मन्त्रः आत्मनिर्भर** अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मूलुकको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा परिचालन गर्ने योजना सरकारले अघि सारेकोछ । सहकारी क्षेत्रको बचतलाई उद्यम विकास, उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गर्ने, सहकारीको कुल लगानीको कम्तीमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने, सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिदबिक्री र बजारीकरणमा सहयोग गर्ने आदि लक्ष्य अघि सारेकोछ। कम्तीमा रु २० करोड चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई नेपाल सरकारले चुक्ता पुँजीको ५ प्रतिशत रकम पुँजीगत अनुदान प्रदान गर्ने, स्थानीय तहले स्वपुँजी लगानी गरी कम्तीमा ३ सय स्थानीय किसानहरूको सहभागितामा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा त्यस्ता उद्योगहरूमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान दिने उद्घोष समेत वजेटले गरेको छ । भूमिहीन दलित, सुकुम्बासी, राउटे, वनकरीया, मुसहर र डोम समूदायद्वारा स्थापित सहकारी संस्थाहरू मार्फत सञ्चालन हुने कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसाय सञ्चालनको लागि अधिकतम ५ प्रतिशत सहुलियत ब्याजदरमा कर्जा प्रवाह गर्न सक्ने योजना अघि सारेको छ। यतीमात्र नभै श्रम सहकारी तर्फ वजेटले कम्तीमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई सम्बन्धित स्थानीय तहमा श्रम सहकारीको रूपमा दर्ता गराई आपसी प्रतिस्पर्धाको आधारमा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने रु. १० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गर्ने उद्घोष गरेको छ । श्रम सहकारी मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरूलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउने व्यवस्था सरकारले गरेको छ । बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण व्यवस्था प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दायरा बाहिर रहेका वित्तीय कारोबार गर्ने वचत तथा ऋण सहकारी र गैर-सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको नियामक निकाय स्थापना गर्ने व्यवस्था बजेटले गरेको पाइन्छ । तथापी सरकारद्वारा यी कार्यक्रमहरु कार्यान्वयनका लागि चाहीने आवश्यक स्रोत साधन र जिम्मेवार निकाय भने तोकीएको पाइदैन । फलत कार्यक्रमहरु कार्यान्वयन नभई कागजमा मात्र सीमित हुन पुगेका छन् ।

## सहकारीका संभावनाहरु

प्रारम्भिक संस्था र संघहरुवीचको सहकार्य, प्रदेश तथा स्थानीय सरकारको सहकार्य, सार्वजनिक, निजी र सहकारी क्षेत्रसंगको सहकार्य र साझेदारीवाट सहकारी सहकारीवीचको व्यवसाय (C2C Business Model) मार्फत उत्पादन वृद्धि, रोजगार श्रृजना तथा गरीविनिवारण गर्न सक्ने प्रचुर संभावना छ। विकास साझेदारहरुसंगको साझेदारीतामा परियोजना सञ्चालन गरी उद्यमशिलता विकास तथा जीविकोपार्जन र गरीविनिवारणका कार्यहरु सञ्चालन गर्न सक्ने पनि संभावना रहेको छ । उत्पादन, प्रशोधन उद्योग, वजारीकरण लगायत कोपमार्ट, स्वास्थ्य, यातायात, आवास लगायतका सेवामुलक कार्यहरु, वातावरण संरक्षण, पर्यटन, जलस्रोत, नविकरणीय उर्जा आदिका क्षेत्रमा सहकारीको प्रचुर संभावना छ । सहकारीका व्यापक संभावना हासील गर्न यस क्षेत्रमा संलग्न करीव ३ लाख स्वयंसेवी सञ्चालकहरु र लाखौं कर्मचारीहरुलाई सरकारले वुद्धिमत्तापूर्वक परिचालित गर्न सके स्थानीय आर्थिक विकासका लागि सरकारका योजना तथा कार्यक्रम सहकारी संघ संस्था मार्फत लागु गर्न सक्ने र न्यून लगानीमा उच्च प्रतिफल प्राप्त हुने सुनौलो अवसर छ ।

## सहकारीका समस्या तथा चुनौतीहरु

मुलुकको आर्थिक सामाजिक तथा साँस्कृतिक विकासमा सहकारीको प्रचुर संभावना भएतापनि यस क्षेत्रमा संस्थागत क्षमता विकास तथा जोखिम विश्लेषणको अभाव छ। अर्को तर्फ अध्ययन अनुसन्धानमा न्यूनताका कारण विश्वसनिय तथ्यांकको अभाव त झन मुल चुनौतीको रुपमा रहेको छ। सहकारी तथा सरोकारवाला निकायवीच समन्वय र सहकार्यको अभावले नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा लय आउन सकेको छैन । निर्माता तथा विकास साझेदारहरु सहकारी अभियानप्रति विश्वस्त हुन सकेका छैनन् । सहकारी अभियानलाई सुशासनको वाटोमा डोर्‍याउन प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण पद्दतिको अभाव छ। सहकारी प्रवर्द्धन सम्वन्धि ऐनमा भएका सहकारी प्रवर्द्धन कोष, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायधिकरण, स्थिरिकरण कोष, वचत तथा कर्जा सुरक्षण कोष लगायतका प्रावधानहरु कार्यान्वयनमा सरकारको उदाशिनताले समस्या वढ्दै गएको देखीन्छ । सन्दर्भ व्याजदरको क्यापिंग,अर्थतन्त्रमा आएको संकुचनको असर, केही सहकारीहरु समस्याग्रस्त हुनाले आमसमुदायको सहकारीप्रतिको विश्वसनियतामा कमी, अर्न्तसम्वन्धित ऐनहरु सहकारी मैत्री नहुनु र सहकारीलाई उत्पादन र सेवाका क्षेत्रमा व्यापक रुपमा संलग्न गराउनका लागि उपयुक्त वातावरण वन्न नसक्नु आदि यस क्षेत्रका चुनौती रहेका छन् ।

## समृद्ध अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका वृद्धिका लागि चाल्नुपर्ने कदमहरु

सहकारीमा स्वनियमन र सुशासन प्रवर्द्धनका लागि संघ महासंघको क्षमता अभिवृद्धि, संयन्त्र निर्माण, वित्तीय साक्षरतामार्फत सदस्यहरुमा सहकारी शिक्षा र आपसी विश्वासको वातावरण निर्माण, सहकारी सम्वन्धि अध्ययन अध्यापनमा व्यापकता, स्थानीय कच्चापदार्थमा आधारित लघु तथा मझौला उद्योगहरु सहकारीमार्फत संचालन, आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि एकीकृत कृषि फार्महरू संचालन गरी उत्पादन वृद्धि, भण्डारण तथा प्रशोधनमार्फत मूल्य श्रृखलाको विकास गर्न सकिएमा रोजगारी श्रृजना र गरीविनिवारण गर्न सकिने कुरामा कसैको विमती नरहला । सरकारका प्राथमिकता क्षेत्रका कोषहरू सहकारीमार्फत सहुलियतपूर्ण दरमा परिचालन गरी वैदेशिक रोजगारीवाट फर्किएका तथा विदेश जान लागेका युवाहरूको श्रम र शीपको उपयोग, उत्पादन वृद्धि तथा रोजगारी सिर्जनामा लगाउनु पर्ने आवश्यक्ता छ । अर्न्तसम्वन्धित ऐनहरू संशोधनमार्फत उत्पादन र सेवाका क्षेत्रमा सहकारी क्षेत्रको संलग्नता वृद्धि गर्न सकिएमा उत्पादन वृद्धि मात्र होइन सहकारी औद्योगीकरणमा लग्न सकिने अवसर छ । सरकारद्वारा घोषित कार्यक्रम तथा वजेट र सहकारी प्रवर्द्धन सम्वन्धि ऐनमा भएका दफाहरु शिघ्र कार्यान्वयन लगायत सन्दर्भ व्याजदरको क्यापींगको सट्टा स्वचालित रुपमा कार्यान्वयन हुने प्रणालीको विकास,सहकारी तथा सरोकारवाला निकायवीच नियमित समन्वय र सहकार्य, अध्ययन अनुसन्धानमा लगानी तथा भरपर्दो तथ्यांक संकलन जस्ता कदमहरु पनि थप प्राथमिकतापूर्वक कार्यान्वयन गर्नु पर्ने खाँचो छ।

## उपसंहार

उपरोक्त दृष्टान्तवाट सहकारी क्षेत्रले सामाजिक पूँजी निर्माणमा अतुलनीय योगदान पुर्‍याएको प्रतित हुन्छ। सरकारले आवधिक योजना,वार्षिक वजेट तथा कार्यक्रमहरु अन्तर्गत सहकारी क्षेत्र मार्फत सञ्चालन गर्ने गरी थुप्रै नीति तथा कार्यक्रमहरुको उद्घोष समेत गरेको देखिन्छ। तर किन यस क्षेत्रवाट अपेक्षित प्रतिफल प्राप्त भएको छैन, यो पक्ष अति विचारणीय रहेको छ। सहकारी क्षेत्रमा प्रभावकारी नियमन हुन नसक्दा यस क्षेत्र प्रति नै अविश्वासको वादल मडारिएको छ। सरकारी संयन्त्रवाट विविध कारणले प्रभावकारी सुपरिवेक्षण नहुनु र सहकारी संघहरुमा सुपरिवेक्षकीय अधिकार दिइए पनि नियामकीय अधिकार नरहनुले प्रभावकारी हुन नसकेको परिपेक्ष्यमा संयुक्त अनुगमन संयन्त्र वनाउन माग भैरहेको छ। तथापी यस माग प्रति नियामक निकाय अद्यापी सकारात्मक वन्न सकेको छैन । अनुगमन नियमनका कार्यहरु दक्षतापूर्वक सञ्चालन गरी सहकारी संघ संस्थालाई सुशासित तथा मर्यादित वनाउने अभिप्रायले यस आ. व. ०७९/०८० मा दोस्रो

तहको नियामक निकाय स्थापना गर्ने लक्ष्य लिएको छ तर आजका मिति सम्म कार्यान्वयनमा लाने सुरसार देखिदैन । सहकारीलाई स्वनियमन र सुशासनको दायरामा ल्याउन अभियानको सर्वोच्च निकाय महासंघले यस वर्ष थिम नै तय गरेको छ । सरकार र सहकारी अभियानको संयूक्त प्रयासवाट यस क्षेत्रमा देखीएका केही विकृति र विसंगतिहरु अन्त गर्न सकिन्छ । यस वर्ष घोषित किसानहरूलाई सहकारीमा संगठित गरी बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाउने होस वा बेरोजगार युवाहरू प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध गरी स्वयंसेवक तयार पार्ने योजना होस यसको कार्यान्वयनमा नआउनु दुखद पक्ष हो । कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने, भूमिहीन दलित, पिछडा समूदायद्वारा कृषि, पशुपालन, तरकारी खेती, ग्रामीण उद्यम र व्यवसाय सञ्चालनको लागि सहुलियत ब्याजदरमा कर्जा प्रवाह गर्ने सरकारी योजना पनि अलपत्र परेको देखिन्छ । लाखौ विपन्न बेरोजगार नागरिकलाई स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गर्ने वजेटको उद्घोष कार्यान्वयन गर्न कार्यविधि निर्माण र कार्यान्वयन गर्ने वेलामा यस खालको योजना कार्यान्वयन कस्ले गर्ने हो भन्ने विषयमा श्रम मन्त्रलाय, सहकारी मन्त्रालय र अर्थ मन्त्रालयका विच अन्योलता देखिन्छ । संक्षेपमा भन्नुपर्दा जनप्रियताका लागि वजेटमा भएभरका कुरा ल्याउने तर कार्यान्वयन नहुने रोगवाट हाम्रो मुलुक ग्रसित छ । समृद्ध अर्थतन्त्र निर्माणमा सहकारीको यति वलियो संभावना र अवसर हुँदा पनि यसको सदुपयोग गर्न नसक्नु दुखद पक्ष हो । यस तर्फ सम्वन्धित निकायहरुले गंभीर भएर सोच्नु पर्ने वेला आएको छ ।